Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मिती : २०८३ वैशाख

## लैंगिक हिंसा विरुद्धको प्रेस विज्ञप्ति

महिला पुनर्स्थापना केन्द्र (ओरेक) ले आफ्नो स्थापना काल देखी नै महिलाहरुको हक र अधिकारका लागी निरन्तर नितीगत पैरवी गर्दै आएको छ । जसका लागि संस्थाले समुदायसँगको समन्वयमा महिला तथा किशोरीमाथि हुने हिंसाका घटनाहरु संकलन, व्यवस्थापन तथा अभिलेखन गरी सोही आधारमा बिश्लेषणात्म प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिइरहेको छ । संस्थाले महिला हिंसाका घटना तथा यससँग सम्बन्धित पत्रपत्रिकामा प्रकाशित घटनाहरुलाई समेत संकलन गरी यस्ता हिंसाका घटना विश्लेषणमा हिंसाका प्रकार, उमेर समुह, पेशा, पीडक, भौगोलिक रुपमा भएको प्रभावका सम्बन्धहरु समेट्ने गरेको छ । यस महिना ओरेकले संस्था कार्यरत विभिन्न जिल्लाहरुबाट कूल १३७ वटा महिला हिंसाका घटना संकलन तथा सो को बहुपक्षीय विश्लेषण गरेको छ ।

### क) महिला हिंसाको प्रकार

कुल १२७ हिंसाका घटना मध्ये ६३.५० प्रतिशत (८७ जना) घरेलु हिंसाका शीकार भएका छन् भने १८.२५ प्रतिशत (२५ जना) यौन हिंसा, १३.१४ प्रतिशत ( १८ जना) सामाजिक हिंसाबाट प्रभावित भएका छन् । त्यस्तैगरी, २.१९ प्रतिशत ( ३ जना) को हत्या, ०.७३ प्रतिशत अर्थात एक जनाको हत्याको प्रयास भएको, २.१९ प्रतिशत (३ जना) ले आत्महत्या तथा आत्महत्याको प्रयास गरेको पाइएको छ ।




### ख.) प्रदेशगत विवरण

प्रदेशगत रुपमा हेर्दा, सबै भन्दा बढी हिंसाका घटना, कोशी प्रदेशमा घटेको पाइएको छ जुन कुल हिंसाको ३२.८५ प्रतिशत (४५ वटा) हो । त्यसैगरी, क्रमश: ३१.३९ प्रतिशत (४३ वटा) सुदुरपश्चिमबाट, १८.२५ प्रतिशत (२५ वटा) लुम्बिनी प्रदेश, १३.१४ प्रतिशत (१८ वटा) मधेश प्रदेशमा, ३.६५ प्रतिशत (५ वटा) लुम्बिनी प्रदेश र ०.७३ प्रतिशत अर्थात एक वटा कर्णाली प्रदेशको रहेको छ ।




Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org

## ग) प्रभावितको उमेर

हिंसा प्रभावितको उमेर विश्लेषण गर्दा, सबै भन्दा बढी प्रभावित हुने महिला २६ देखी ३५ वर्ष उमेर समुहका रहेको पाइएको छ जस्लाई सक्रिय उमेर समुह भनेर पनि बुझिन्छ । उक्त उमेर समुहका महिला ३४.३१ प्रतिशत (४७ जना) रहेका छन् । त्यसैगरी, १७.५२ प्रतिशत (२४ जना), ३६ देखी ४५ वर्ष उमेर समुहका, २५.५५ प्रतिशत (३५ जना) १८ देखी २५ वर्ष उमेर समुहका, ४६ देखि ५५ वर्षका १०.२२ प्रतिशत (१४ जना), ५६ वर्ष भन्दामाथिका ६ जना र १८ वर्ष मुनिका ८.०३ प्रतिशत (११ जना) रहेको तथ्याङ्कले देखाएको छ ।




## घ) प्रभावितको जातीयता




प्रभावितलाई जातिगत रुपमा विश्लेषण गर्दा सबै भन्दा बढी हिंसामा पर्ने महिला तराई जनजातिका रहेका छन् जुन हिंसाको २३.४ प्रतिशत (३२ जना) रहेका छन् । त्यसैगरी, ११.७/११.७ प्रतिशत (१६-१६ जना) ब्राहमण/क्षेत्रि पहाडी र ब्राहमण/क्षेत्रि तराई जातीका, १३.१ प्रतिशत (१८ जना) तराई दलित, ५.१ प्रतिशत ( ७ जना) पहाडि दलित, १९.७ प्रतिशत (२७ जना) मधेशी, ५.८ प्रतिशत (८ जना) मुश्लिम, ८.० प्रतिशत (११ जना) पहाडि जनजाती र १.५ प्रतिशत (२ जना) को अन्य जातीका महिला रहेको पाइएको छ ।

## निष्कर्ण

उक्त विश्लेषण हेर्दा, महिला हिंसा आजको समयमा समाजमा गम्भीर समस्याको रुपमा रहेको प्रष्ट हुन्छ । विभिन्न प्रकारका हिंसा मध्ये घरेलु हिंसाको उल्लेख्य रुपमा बढी देखिएको छ भने यौन तथा सामाजिक हिंसा समेत गम्भीर चुनौतीको रुपमा रहेका छन् । प्रदेशगत र जातीगत रुपमा पनि हिंसाका घटना विभिन्न रुपमा जिवीत रहेको देखिन्छ र धेरै जसो सक्रिय उमेर समुहका महिला बढी जोखिममा रहेको तथ्याङ्कले देखाएको छ । यस्ता घटनाहरुले समाजमा रहेका असमानता, र कानूनी पक्ष कमजोर परेको प्रष्ट देखाउछ । तसर्थ, महिलामाथि हुने हिंसा न्युनीकरणका लागि कानूनको प्रभावकारी कार्यान्वयन, जनचेतना अभिबृद्धि, समुदाय र सरकारको सक्रिय सहभागिता तथा आरोपतलाई/पिडकलाई कुनै प्रकारको संरक्षण नदिई कडा कारबाही गर्नु पर्ने आवश्यकता देखिन्छ ।